नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना प्रविधि विभाग

**एकीकृत डाटा व्यवस्थापन केन्द्र (राष्ट्रिय सूचना प्रविधि केन्द्र)**

सिंहदरबार, काठमाडौं

## सूची दर्ता गर्ने सम्बन्धी सूचना (प्रकाशित मिति २०८२/१०/२१)

यस केन्द्रका लागि आ.व. २०८२/८३ को अवधिलाई आवश्यक पर्ने तपसिल बमोजिमका विभिन्न परामर्श सेवाहरु आपूर्ति गर्नका लागि सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम योग्यता पुगेका ईच्छुक ईजाजत प्राप्त परामर्शदाता फर्महरुले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम (१) मा उल्लेखित कागजातहरूको प्रतिलिपि संलग्न गरी सोही नियमावलीको अनुसूची २(क) बमोजिमको ढाँचामा यस केन्द्रमा निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. डाटा सेन्टर अडिट,
२. पुष्पलाल राजमार्गको आसपासमा डाटा सेन्टरको सम्भाव्यता अध्ययन,
३. डाटा सेन्टर विशेषज्ञ परामर्श।

**निवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरू**

१. संस्था या फर्म दर्ताको प्रमाणपत्रको फोटोकपी,
२. स्थायी लेखा नम्बर/मू.अ.कर दर्ता प्रमागपत्रको फोटोकपी,
३. आ.व.२०८१/८२ सम्मको करचुक्ता प्रमाणपत्रको फोटोकपी,
४. व्यवसायिक इजाजत पत्रको फोटोकपी,
५. प्रचलित कानूनबमोजिम अयोग्य नभएको वा कालोसूचीमा नपरेको व्यहोरा फर्मकम्पनी वा संस्था स्वयंले घोषणा गरी निवेदन दिनुपर्नेछ।